तुलसीपुर उप-महानगरपालिका र लुनम्बिनी बौद्ध विश्वविद्यालयको साझेदारीमा सञ्चालित

# तुलसीपुर मेट्रो कलेज

# तुलसीपुर-१२,दाङ

## तुलसिपुर मेट्रो कलेज प्रथम बिष्णू के.सी स्मारक मुटकोर्ट प्रतियोगिता २०८१

## मुट कोर्ट प्रतियोगीता सम्बन्धी नियमहरू

**१. प्रतियोगिताको आयोजना:**

तुलसीपुरका प्रतिष्ठित उद्योगपति स्व. बिष्णू के.सी.कोस्मृतिमागणेश पाउरोटी उध्योगको सहकार्यमा लुम्बिनी प्रदेश भरीका बिएएलएलबी अध्ययनरत विद्यार्थीहरुका लागि तुलसीपुर मेट्रो कलेजले २०८१ साल माघ १४ र १५ गते आयोजना गर्न लागेको प्रदेशीकस्तरिय नमुना अदालत प्रतियोगिता हो। यसप्रतिस्पर्धा समस्या ( moot problem) मा आयोजकको एकल एकाधिकार रहनेछ। प्रतियोगिताका लागी निर्मित सामाग्रीहरू आयोजकको पुर्व लिखित अनुमति बिना अन्य कुनै उदेश्यले नमित पुनरुत्पादन गर्न पाईने छैन। यसबाहेक, सहभागीहरुले हस्ताक्षर गरी पेश गरेका सबै बहसनोट आयोजकको मातहतमा रहनेछ र आयोजकको लिखित अनुमति बिना पुन: प्रकाशित गर्न पाइने छैन।

**२. प्रतियोगिताको उद्देश्य**

मूट कोर्ट कानूनी शिक्षामा अत्यन्त महत्वपूर्ण अभ्यास हो , जसले विद्यार्थीहरूलाई व्यावहारिक कानूनी ज्ञान प्रदान गर्न मद्दत गर्दछ।मूट कोर्टले कानूनी विद्यार्थीहरूलाई न्यायालयमा हुने प्रक्रिया, वकालत शैली, र कानूनी प्रस्तुतिहरू कसरी गर्नुपर्छ भन्ने बारे व्यावहारिक अनुभव दिलाउँछ।मूट कोर्टमा सहभागी हुने विद्यार्थीहरूले मुद्दाको गहिरो अध्ययन गरी कानूनी सिद्धान्त र धाराहरूको प्रयोग गर्न सिक्छन्। यसले उनीहरूको अनुसन्धान र विश्लेषण क्षमतामा सुधार गर्दछ।मूट कोर्ट अभ्यासले विद्यार्थीहरूलाई कानूनी बहस गर्ने , ठोस तर्क राख्ने , र आफ्नो धारणा प्रभावकारी रूपमा प्रस्तुत गर्ने कला सिकाउँछ।मूट कोर्टमा मुद्दा बहस गर्दा विद्यार्थीहरूले न्यायाधीशसँग प्रत्यक्ष संवाद गर्ने अवसर पाउँछन् , जसले उनीहरूको आत्मविश्वास बढाउँछ।मूट कोर्ट प्रतियोगितामा विद्यार्थीहरूले समूहमा काम गर्नुपर्छ। यसले उनीहरूको टीमवर्क र नेतृत्व क्षमतामा सुधार ल्याउँछ।मूट कोर्ट अभ्यासले विद्यार्थीहरूलाई कानूनी व्यावसायिक एथिक्स , अनुशासन, र मर्यादा पालन गर्न सिकाउँछ।मूट कोर्टले विद्यार्थीहरूलाई न्याय प्रणाली, कानूनी प्रक्रिया, र मुद्दा दायर गर्ने तरिकाबारे ज्ञान प्रदान गर्छ।मूट कोर्ट प्रतियोगिताले विद्यार्थीहरूलाई प्रतिस्पर्धात्मक वातावरणमा आफ्नो सीप प्रस्तुत गर्न सक्षम बनाउँछ , जसले उनीहरूलाई व्यावसायिक जीवनमा सहयोग गर्दछ।

**२.१. सहभागिताको मापदण्ड र नैतिकता**

**२.१.१ योग्यता:**

प्रदेश भरीका ल कलेजमा बि.ए.एल.एल.बि प्रथम वर्ष देखी पाचौ वर्षसम्म अध्ययनरत विधार्थीहरू यस प्रतियोगिताका लागी योग्य रहनेछन्। विध्यार्थी स्वेच्छिक रुपमा प्रतिस्पर्धामा भाग लिन पाउनेछन्।

**२.२ सहभागिताको माध्यमहरू**

प्रदेश भरीका ल कलेजमा बि.ए.एल.एल.बि प्रथम वर्ष देखी पाचौ वर्षसम्म अध्ययनरत विधार्थीहरू यस प्रतियोगिताका लागी मोरु एप ( MoRu APP) बाट मिति २०८१ पौष २५ गते सम्म दर्ता गर्न सक्नेछन्। दर्ता गर्दा विधार्थीहरू ३ (तिन) जनाको सङ्गठित समुहले रु १०० (एक सय मात्र) दस्तुर तिरी मोरु एप बाट दर्ता गर्न सक्नेछन्। दर्ता गरी सके पछी सो कुराको जानकारी tulsipurmetrocollege@gmail.com र sangamadhikari768@gmail.com मा बिल सहित email गर्नु पर्ने छ।

२.२.१. प्रतियोगीतामा भाषाको माध्यम नेपाली हुनेछ।

**२.३ तालिम**

दर्ता भएको समूह तथा व्यक्तिहरुलाई अनिवार्य रुपमा पर्याप्त तालिम प्रदान गरिने छ। जसमा बहस नोट लेखन, मुद्दाको व्यख्या, तथा प्रस्तुती सम्मको तलिम अनलाईन माध्ययम बाट प्रदान गरिने छ। सो तालिमको लागी समय तालिका पछी चयन गरिने छ।

**२.४ नैतिकता**

२.४.१ अंकित पहिचान ( Unique Code) प्रतेक टोलिलाई अङ्कको प्रयोग गरी अङ्कित पहिचान उपलब्ध गराइनेछ। प्रतिस्पर्धीलाई सुम्पिएको सो पहिचान प्रतिस्पर्धीले गोप्य राख्नु पर्ने छ।

२.४.२ पृष्ठ सिमा: कभर पृष्ठ बाहेक २२ पृष्ठ

२.४.३ टोलिको सदस्यता फिर्ता: दर्ता भएको कुनै पनी टोलिको सदस्यले बिना कुनै उचित कारण टोली बाट सदस्यता फिर्ता लिने निर्णय गरेमा प्रतिस्पर्धाका लागी पुर्ण टोली अयोग्य हुनेछ।

२.४.४ समुह फिर्ता: समय सिमा नाघेपछी दर्ता भएको र बहस नोट बुझाएको टोली फिर्ता हुनेछ।

३. **प्रतियोगिताको चरणहरू**

३.१ प्रतिस्पर्धीहरू बिच प्रतियोगिता दुई चरणमा हुनेछ,

३.२ निवेदक र प्रत्यार्थी छनोट गरी दुवै तर्फवाट एक।एक गरी बहसनोट पेश गरी आफ्नो तर्क तथा बहसनोट प्रस्तुत गर्नु पर्ने छ, जस्मा जम्मा ४ समुह अन्तिम चरणको लागी अघी बढ्नेछ।

**४. बहसनोट चरण:**

**४.१** समता मुलक सहभागीता: बहसनोट तयार गर्नको निमित्त टोलिमा रहेको सम्पुर्ण सदस्यहरुको समान रुपमा योगदान हुनै पर्नेछ। हरेक समुहले निवेदक र प्रत्यार्थीको तर्फ बाट बहसनोट लेख्नु पर्ने छ।

**४.२** बहसनोट पेश गर्ने समय सिमा: बहस नोट २०८१ साल माघ महिनाको ११ गते रातिको १० बजे भित्र tulsipurmetrocollege@gmail.com र sangamadhikari768@gmail.comमा बुझाउनु पर्ने छ र दाङ जिल्ला भित्रका सहभागी हरुले २०८१ साल माघ महिना १२ गते बिहानको १० बजे भित्र प्रिन्टेड माध्यममा ३ प्रती कलेजमा बुझाउनु पर्नेछ सथै दाङ जिल्ला बाहिरको समुहले प्रतियोगितामा उपस्थित हुदा ३ प्रती प्रिन्टेड माध्यममा कलेजमा बुझाउनु पर्नेछ।

**४.३** बहसनोटको ढाँचा: बहसनोटको ढाँचा अदालतको ढाँचामा बनाउनु पर्नेछ।

**४.४** ढाँचा:

लिपी: कालिमाटी,

Font: 12

Legal Citationरreferences समावेश गर्नुपर्नेछ।

**४.५** बहसनोटको अंकभार: बहसनोटको मुल्याङ्कन अनुसुची १ बमोजिम योग्य स्वतन्त्र मुल्याङ्कन कर्ता द्वारा गरिनेछ।

**४.६** बहस चरण:

**५.१.१** शोधकर्ताको बहस चरण

शोधकर्ताहरूले बहस गर्दा बहसको चरममा पुग्ने क्रममा बहसलाई सहज बनाउनका लागि बहसमा महत्वपूर्ण दृष्टिकोण प्रस्तुत गर्छन्।

**५.१.२ प्रक्रियागत चरणहरू**

बहसको सम्पूर्ण प्रक्रिया दुइ प्रमुख चरणहरूमा विभाजित हुन्छ:

प्रारम्भिक चरण (Preliminary Round)

अन्तिम चरण (Final Round)

**५.२** प्रारम्भिक चरण (Preliminary Round)

**५.२.१** बहसको संरचना, समय र स्थान

बहसको संरचना, समय र स्थान तुलसिपुर (मूट कोर्ट आयोजक समिति) द्वारा तोकिएको समयानुसार हुनेछ।

प्रत्येक टोलीलाई प्रारम्भिक चरणमा २० मिनेट छुट्याइनेछ।

बहसको क्रममा न्यायाधीशहरूले सोधेका प्रश्नहरू र सहभागी टोलीको प्रतिक्रियासँगै समग्र प्रस्तुति र तर्कको मूल्यांकन गरिनेछ।

**५.२.२** बहसको समय व्यवस्थापन

प्रत्येक टोलीले आफ्ना सदस्यहरूबीच समयको व्यवस्थापन आफैंले गर्न सक्नेछ।

बहसको समयलाई उचित रूपमा बाँडफाँड गर्नु सहभागी टोलीहरूको जिम्मेवारी हुनेछ।

**५.२.३** समयको सीमा

प्रत्येक बहसकर्ताले कम्तीमा ५ मिनेट र बढीमा ७ मिनेट समय उपयोग गर्नुपर्नेछ।

**५.२.४** मूल्यांकन विधि

प्रत्येक टोलीको मूल्यांकन बहसको विषयवस्तु र प्रस्तुति कौशलका आधारमा गरिनेछ।

**५.३ अन्तिम चरण**

५.३.१ बहसको संरचना, समय र स्थान

अन्तिम चरणको बहस तुलसिपुर मेट्रो कलेज (मूट कोर्ट आयोजक समिति) द्वारा तोकिएको समय र स्थानमा हुनेछ।

प्रत्येक टोलीलाई ३० मिनेटको समय छुट्याइनेछ।

बहसको समयमा टोलीले आफ्नो तर्कहरू प्रस्तुत गर्नुका साथै न्यायाधीशहरूका प्रश्नहरूको जवाफ दिनुपर्नेछ।

**५.४.२** समय व्यवस्थापन

अन्तिम चरणमा प्रत्येक टोलीको बहसको समय यसरी विभाजन गरिनेछ:

प्रमुख वक्ता (Lead Speaker): १०-१५ मिनेट

दोस्रो वक्ता (Co-Speaker): ८-१२ मिनेट

प्रत्युत्तर (Rebuttal): ३ मिनेट

बहसको क्रममा समयको सही व्यवस्थापन टोलीको जिम्मेवारी हुनेछ।

**५.४.३** प्रत्युत्तर (Rebuttal) र प्रतिवाद (Sur-Rebuttal)

अन्तिम चरणमा प्रत्येक टोलीलाई आफ्नो विपक्षी टोलीको तर्कहरूको जवाफ दिनका लागि प्रत्युत्तर (Rebuttal) गर्न अनुमति दिइनेछ।

विपक्षी टोलीले पुनः प्रतिवाद (Sur-Rebuttal) गर्ने अवसर पाउनेछ, जसको समय २ मिनेट हुनेछ।

**६ मुल्याङ्कन:** मुल्याङ्कन अनुसुची-१ बमोजिम हुनेछ।

**७ स्थान:** सबै चरण हरू तुलसिपुर मेट्रो कलेज (दाङ) मा हुनेछ।

**८. सामान्य नियमहरू**

**९. सम्पर्क व्यक्ति**

क) सुचना अधिकारी संगम अधिकारी: ९८४७८४४०५२, sangamadhikari768@gmail.com

ख) कानून संकाय संयोजक अधिवक्ता विजय पोख्रेल: ९८४६८९६८४४, bijay.legal@gmail.com

**१०. सुधार र स्पष्टीकरण:**टोलीहरुले प्रतिस्पर्धाको समयमा मुट समस्यामा सुधार र स्पष्टीकरण आवश्यक

**११. पुरुस्कार:**

प्रथम : नगद रु २०,०००।– (बिस हजार मात्र)

दोश्रो स्थान: नगद रु ५,०००।– (पाच हजार मात्र)

उत्क्रष्ट वक्ता: नगद रु ५,०००।- (पाच हजार मात्र)

उत्क्रष्ट बहसनोट: नगद रु ५,०००।- (पाच हजार मात्र)

तथा सबै सहभागी हरुलाई प्रमाण पत्र प्रदान गरिने छ।

# अनुसुची – १

# तुलसिपुर मेट्रो कलेज प्रथम बिष्णू के.सी. स्मारकमुटकोर्ट प्रतियोगिता

<u>अंकतालिका</u>

| क्र.स. | मापदण्ड | मुल्याङ्कनतालिका | मुटर१ | मुटर२ |
|---|---|---|---|---|
| १. | व्यवस्थापन, तयारी, समयव्यवस्थापनः<br>(पूर्णाङ्कः१०) | निम्नः४-५<br>औसतः६-८<br>उत्कृष्ठः९-१० | /१० | /१० |
| २. | तथ्यहरूकोज्ञानः<br>(पूर्णाङ्कः२०) | निम्नः८-१०<br>औसतः१२-१४<br>उत्कृष्ठः१८-२० | /२० | /२० |
| ३. | प्रश्नोत्तरः<br>(पूर्णाङ्कः२०) | निम्नः१०-१२<br>औसतः१३-१७<br>उत्कृष्ठः१८-२० | /२० | /२० |
| ४. | कानुनकोज्ञानः<br>(पूर्णाङ्कः२०) | निम्नः८-१०<br>औसतः१४-१६<br>उत्कृष्ठः१८-२० | /२० | /२० |
| ५. | व्यावसायिकतातथासुस्पष्टताः<br>(पूर्णाङ्कः२०) | निम्नः८-१०<br>औसतः१४-१६<br>उत्कृष्ठः१८-२० | /२० | /२० |
| ६. | सामुहिककार्यः<br>(पूर्णाङ्कः१०) | निम्नः३-५<br>औसतः७-८<br>उत्कृष्ठः९-१० | /१० | /१० |
| ७. | खण्डन (नाम): | निम्नः३-५<br>औसतः७-८<br>उत्कृष्ठः९-१० | /१० | /१० |
| | **जम्माः** | | /११० | /११० |